नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम
कोशी प्रदेश, नेपाल

☎०२७-५२०१२५
☎०२७-५२३९८८
Email: cdoilam@gmail.com
Website:daoilam.moha.gov.np

पत्र संख्या:-०८२/८३
च.नं.-

मिति: २०८२।१०।११
ने.सं. ११४६ सिल्लाथ्व ७

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

राजनैतिक दल, उम्मेदवार, दलको भातृ संगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिकका नाममा निर्वाचन आचारसंहिता, २०८२ पालना गर्ने सम्बन्धमा अनुगमन अधिकृतद्धारा जारी गरिएको

## प्रेष नोटः

आसन्न प्रतिनिधि सभा निर्वाचन २०८२ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने गराउने कार्य उम्मेदवार, राजनैतिक दल, दलका भातृ संगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिक हामी सबैको कर्तव्य र दायित्व हो । यसै सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ निर्वाचन आयोगबाट जारी भई निर्वाचन नियमन गर्न गराउन तपशिल बमोजिम इलाम जिल्लामा क्रियाशील सबै राजनीतिक दल, दलका भातृ संगठन, नागरिक समाज तथा आम सर्वसाधारण नागरिकका नाममा यो प्रेष नोट जारी गरिएको छ ।

तपशिलः

१. राजनैतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले मतदान हुने दिनभन्दा १७ दिन अघि देखि (२०८२ फागुन ०२ गतेदेखि) मात्र निर्वाचन आचारसंहिताको दफा १३ मा उल्लेखित मापदण्ड भित्र रहि निर्वाचन प्रचारप्रसार सम्बन्धी काम गर्न सक्ने छन् ।
२. राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले प्रचलित कानून र आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्पले प्रयोग गर्न हुँदैन ।
३. प्रचार प्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित २५ जनाभन्दा बढीको जुलुस लिएर जान नमिल्ने साथै यसरी जाँदा बाजागाजा तथा झाँकी सहित जान हुँदैन ।
४. उम्मेदवार वा दलको कार्यालयमा साईन बोर्ड तथा कपडामा बनाईएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्ने बाहेक दलको प्रचार गर्ने उद्धेश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्य दृश्य सामग्रीहरु प्रदर्शन वा प्रसारण गर्न पाईने छैन ।
५. कुनै पनि साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न हुँदैन ।
६. दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन हुँदैन ।

२०८२।१०।११

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

इलाम

☎०२७-५२०१२५
☎०२७-५२३९८८
Email: cdoilam@gmail.com
Website:daoilam.moha.gov.np

७. उम्मेदवार वा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास वा धम्की दिन हुँदैन ।

८. निर्वाचन प्रयोजनको लागि ७५ ग्राम सम्मको कागजमा ३०० वर्ग ईन्च सम्म क्षेत्रफल भएको आकारको एउटै रंग र मुद्रकको नाम सहितको पर्चा मात्र प्रयोग गर्न पाईने छ ।

९. जुलुस, आमसभा, कोणसभा वा भेला गर्नुअघि स्थानीय प्रशासनको अनुमति लिई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा २४ घण्टा अगावै स्थानीय प्रहरीलाई जानकारी गराउनु पर्नेछ ।

१०. एक भन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ संगठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न हुँदैन । त्यस्तो अवस्थामा स्थानीय प्रशासनले त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

११. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न हुँदैन ।

१२. धार्मिक संस्था, आमा समूह, गैर सरकारी संस्था, आश्रम जस्ता स्थान वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न हुँदैन ।

१३. विना स्वीकृति राजनीतिक दलको कार्यालयमा बाहेक अन्य कुनै पनि स्थानमा दलको झण्डा राख्न पाईने छैन ।

१४. ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने कुनै किसिमका प्रचारप्रसार गर्न हुँदैन ।

१५. आयोगले तोके बमोजिम बढीमा २ (दुई) वटा दुई पाङ्ग्रे वा तीन पाङ्ग्रे वा चार पाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन चल्न नसक्ने ठाउँमा बढीमा चार वटा घोडाको प्रयोग गर्न सक्ने ।तर विदेशी नम्बर प्लेटको सवारी साधनलाई प्रयोगको अनुमति दिईने छैन ।

१६. सरकारी/अर्ध सरकारी/संस्थान/ विद्यालयको भवन तथा क्षेत्र (जग्गा) प्रयोग गरी निर्वाचन सम्बन्धी भेला, कार्यक्रम वा प्रचारप्रसार गर्ने गराउन पाईने छैन ।

१७. सम्वद्ध व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ अध्ययन गरी पूर्ण जानकारी लिनुहुन साथै आचारसंहिताको पूर्णरुपमा परिपालना गर्नुहुन अनुरोध छ। कुनै द्धिविधा भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र आचारसंहिता अनुगमन अधिकृतसँग सम्पर्क गर्न सक्नुहुनेछ ।

रुद्रप्रसाद न्यौपाने

अनुगमन अधिकृत एवं

सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी